# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित**


## भाग-२

## सूचना ३२

## थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु

## योजना अनुगमन निर्देशिका, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७९।११।०५**

थुलुङ दुधकोशी गाउँपालिकाबाट गरिने योजना अनुगमन निर्देशिका, २०७९

थुलुङ दुधकोशी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी थुलुङ दुधकोशी गाउँ कार्यपालिकाले गाउँपालिकाबाट गरिने योजना अनुगमन निर्देशिका, २०७९ जारी गरेको छ ।

प्रस्तावना: नेपालका संविधानको धारा ४४ को उपभोक्ताको हक अन्तर्गत उपधारा (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र उपधारा (२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ सम्बन्धी संवैधानिक प्रावधान छ साथै अनुसूची-८ बमोजिम स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरूको अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा सो संवैधानिक दायित्व कार्यान्वयनको लागि नेपाल सरकार मन्त्री परिषद्बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनको अधिनमा रही थुलुङ दुधकोशी गाउँ कार्यपालिकाको बैठकले यो निर्देशिका तयार गरी लागु गरेको छ । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा ६ बमोजिम गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्नेछ भन्ने उल्लेख छ साथै सोही ऐनको दफा २५ उपदफा २ (ग) बमोजिम गैरसरकारी संघ संस्था, टोल विकास समिति वा उपभोक्ता समिति, सहकारी संस्थालगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्नेछ। स्थानीय तहसँग समन्वय गर्दा स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने प्रावधान रहेको छ। उपभोक्ताको सेवा, सुविधा र आर्थिक हित कायम राख्न, वस्तु, सेवा, योजना तथा आयोजनाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल, निर्माण स्थल, निर्माण लागत, समय,कार्यान्वयनको क भएका गल्ती र कमजोरीहरुलाई तत्काल सुधार गर्न,डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न, आर्थिक वर्षको अन्तिममा हुने विकास कार्यलाई सुधार गरी समयमै सम्पन्न गराउन लगायतका क्रियाकलापको अनुगमन गर्न तत्काल

गाउँपालिकाबाट नियमित रुपमा प्रभावकारी आयोजना तथा योजनाको अनुगमन गर्न आवश्यक भएकोले थुलुङ दुधकोशी गाउँ कार्यपालिकाले मिति २०७९।११।०५ को बैठकबाट पारित गरी यो निर्देशिका लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "थुलुङ दुधकोशी गाउँपालिकाबाट गरिने योजना अनुगमन निर्देशिका, २०७९" रहेको छ ।

(ख) यो निर्देशिका थुलुङ दुधकोशी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(क) "अनुगमन"भन्नाले योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ ।

(ख) "अनुगमन समिति" भन्नाले गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठन भएको समिति बुझ्नु पर्दछ ।

(ग) "वडास्तरिय अनुगमन समिति" भन्नाले वडाको अध्यक्षको संयोजकत्वमा गठित समिति बुझ्नु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "सेवा प्रदायक" भन्नाले वस्तु वा सेवाको वितरक, बस्तु, सेवा, योजना वा आयोजना वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(च) "सेवाग्राही" भन्नाले वस्तु वा सेवा उपभोग गर्ने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले विकास निर्माणमा सहभागि हुने उपभोक्तालाई समेत जनाउँछ ।

(छ) "स्थानीय सरकार" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ज) "योजना" भन्नाले विकास निर्माण, बस्तु तथा सेवा वितरण, सामाजिक सुरक्षा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले अनुगमन समिति मातहतको समिति भन्ने सम्झनु पर्दछ ।

(ञ) "टोल विकास संस्था" भन्नाले अनुगमन समिति मातहतको समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद-२
## योजना अनुगमण समिति सम्बन्धी व्यवस्था

**३. अनुगमन समिति**

योजना निर्माण कार्यलाई गुणस्तर, लागत, परिमाण र समयको हिसावले स्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समयतालिका अनुसार भएको छ छैन ? अपेक्षित प्रतिफलहरू समयमै र लागत- प्रभावकारी रूपमा हासिल भएका छन् छैनन्, कार्यान्वयन क्षमता के-कस्तो छ, के-कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ सो सम्बन्धी बिषयमा आवश्यक सहजीकरण गर्न तथा योजना अनुगमन कार्यलाई प्रभावकारी बनाउनको लागि गाउँपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको गठन एवं परिचालन गर्नेछ।

**४. गाउँपालिका स्तरीय अनुगमन समितिको गठन देहाय अनुसार हुनेछ :**

स्थानीय तहबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |

(ग) सम्बन्धित वडाका एक जना महिला सदस्य सदस्य

(घ) प्राविधिक शाखा (ईन्जिनियर वा ईन्जिनियरले तोकेको प्राविधिक कर्मचारी) सदस्य

(ङ) शाखा प्रमुख (योजना शाखा) सदस्य-सचिव

समितिले कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

## ५. अनुगमन समितिको काम कर्तब्य र अधिकार

१.अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडा कायार्लयमा रहेका लाभग्राहीको अभिलेख निरीक्षण गर्ने,

(ख) दर्ता तथा नवीकरण तोकिए बमोजिम भए नभएको निरीक्षण गर्ने,

(ग) लाभग्राहीसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गर्ने,

(घ) बैंक र वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकबाट प्रदत्त सेवा प्रभावकारी भए नभएको बारे जानकारी हासिल गर्ने,

(ङ) वडा कायार्लयबाट भएका सावर्जनिक सुनुवाइको प्रतिवेदन अध्ययन गर्ने र प्राप्त सुझाव कार्यान्वयन तथा गुनासो सम्बोधन भए नभएको समीक्षा गर्ने,

(च) कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कार्वाहीका लागि सिफारिस गर्ने,

(छ) सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको बारे अध्ययन गरी गर्नुपर्ने सुधारका विषयमा सुझाव दिने,

(२) समितिले प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी आवश्यकता अनुसार अनुगमन तथा सुपरीवेक्षणका लागि उपयुक्त कमर्चारी खटाउनेछ ।

(३) समितिको बैठक प्रत्येक चौमासिकमा एकपटक बस्नेछ ।

(४) समितिले चौमासिक प्रतिवेदन (अनुसची ३ बमोजिमको ढाँचामा) प्रमुख वा अध्यक्ष समक्ष प्रस्तुत गर्नेछ ।

**६. अनुगमन समितिको बैठक सम्बन्धी कार्यबिधि**

अनुगमन समितिको बैठक महिनामा एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ। समितिको बैठकले आफ्नो कार्यविधि आफै तयार गर्नेछ । यसरी बैठक वस्दा कम्तिमा तीन दिन अगाडि वैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

**७ वडा स्तरिय अनुगमन समितिः**

क) वडा अन्तर्गत सञ्चालन भएका योजना तथा कार्यक्रमको अनुगमन सुपरिवेक्षण गर्न देहाय बमोजिम समिति गठन हुनेछ ।

१.वडा अध्यक्ष - संयोजक

२.आयोजना स्थल आसपास नजिकको महिला सदस्य - सदस्य

३.सम्बन्धित वडाको प्राविधिक कर्मचारी - सदस्य

४.सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

ख) सम्बन्धित वडा भित्रका गाउँकार्यपालिका सदस्यमध्ये एकजना आमन्त्रित सदस्य रहनेछ ।

**ख) वडा अनुगमन समितिको काम कर्तव्य र अधिकार :**

१. वडा स्तरमा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ।

२. योजना संचालनको क्रममा देखिने सम्भावित विवाद समाधान गर्ने गराउने ।

३. वडा भित्र संचालन गरिएका सरकारी गैह्र सरकारी संघ संथाहरुको योजनाको अनुगमन तथा कार्यान्वयनमा समन्वय गर्ने गराउने ।

४. योजना तथा कार्यक्रमबाट लाभान्वित हुने बर्गको खण्डिकृत तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ।

५. योजना तथा कार्यक्रम को अनुगमन तथा सुपरिवेक्षणको प्रतिवेदन सम्बन्धीत वडाको बैठकमा प्रस्तुत गर्ने गराउने ।

६. आवश्यकता अनुसार योजना अनुगमन तथा सुपरिवेक्षण सँग सम्बन्धित अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद -३

## अनुगमनको क्षेत्र सम्बन्धी व्यवस्था

**८. अनुगमण समितिको अनुगमणको क्षेत्र :**

यस निर्देशिका वमोजिम गठित अनुगमण समितिले आयोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन ब्यक्ति, टोल विकास समिति, उपभोक्ता समिति र निर्माण व्यवसायीले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजना, परियोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण सुनिश्चित गर्न गाउँपालिकाले निम्न प्रकारका कार्यक्रम वा आयोजनाहरुको अनुगमन गर्ने व्यवस्था गर्नु पर्नेछ :-

(क) गा.पा. बाट स्वीकृत कार्यक्रम वा आयोजनाहरु

(ख) गा.पा. .बाट लगानी भएको आयोजनाहरु

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरु

(घ) गा.पा. .को क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरु

**९. अनुगमन विधि र प्रावधान ::**

(क) स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(ख) अनुगमन स्थलगत अवलोकन, कर्मचारी बैठक, लाभग्राहीसंग छलफल, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, सूचना प्रविधिको प्रयोग र नागरिक समाज (मिडिया) परिचालनका माध्यमबाट (अनुसुची १ बमोजिमको रुजु सूची अनुसार) अनुगमन गर्नुपर्नेछ ।

(ग) अनुगमनबाट देखिएका त्रुटिलाई सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने जिम्मेवारी सम्बन्धित टोल विकास समिति वा उपभोक्ता समितिको अध्यक्षको हुनेछ ।

(घ) गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ङ) गाउँकार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन समितिले वार्षिक अनुगमन कार्ययोजना (अनुसूची ४ बमोजिम) बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(च) अनुगमन समितिले गरेको कामको प्रतिवेदन पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्ने ।

(छ) समितिको प्रतिवेदन समेतको आधारमा गाउँकार्यपालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष ( टो.वि.स./उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्ने ।

(ज) अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुने ।

**१०. योजना अनुगमन कार्यविधि :**

१.अनुगमन समितिले योजना,परियोजनाको अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछ :

(क) व्यक्ति,कार्यालय, टोल विकास समिति वा उपभोक्ता समिति र निर्माण व्यवसायीले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको योजनाको लागत अनुमान,योजना सम्झौता पत्र, कार्य आदेश लगायतका आवश्यक कागजातहरु प्राप्त गरे नगरेको हेर्ने साथै उक्त कागजात नलिएको देखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) योजना निर्माण स्थलमा व्यक्ति,कार्यालय, टोल विकास समिति वा उपभोक्ता समिति र निर्माण व्यवसायीले सम्बन्धित योजनाको होडिङ बोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) व्यक्ति,कार्यालय, टोल विकास समिति वा उपभोक्ता समिति र निर्माण व्यवसायीले खरिद गरेको बाह्य निर्माण सामाग्री,माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ /छैन हेर्ने,

(घ) खरिद गरिएको वस्तु र सामाग्रीको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने,

(ङ) औषधि वा औषधिजन्य पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधी विज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(च) आयोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न हुने,भएको वा गर्ने बारे एकिन गर्नुपर्ने ।

(छ) अनुगमनको क्रममा देखिएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न सुझाव दिने ।

(ज) डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्नु ।

(झ) व्यक्ति,कार्यालय, टोल विकास समिति वा उपभोक्ता समिति र निर्माण व्यवसायीले खरिद गरिएको वस्तुको विलविजक जारी गरेको छ/छैन हेर्ने । वील अनिवार्य गर्न निर्देशन दिने र अन्य आवश्यक कागजातहरु ठीक दुरुस्त भए नभएको जाँच गरी राख्न लगाउने ।

(ञ) आयोजनागत अनुगमनको प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा तयार गरी अनुगमन समिति समक्ष छलफलका लागि पेश गर्ने ।

## परिच्छेद-४ उजुरी सम्बन्धी व्यवस्था

११. उजुरी दिन सक्नेः

(क) कुनै व्यक्ति, कार्यालय, टो.वि.स./संचालक समिति र निर्माण व्यवसायीले सम्बन्धित उपभोक्ताको हित विपरित निर्माण कार्य,बस्तु खरिद गरेको भनि कुनै पनि व्यक्तिले अनुगमन समितिमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्ने,

(ख) उपदफा (क) बमोजिमको समितिले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गरिने छ,

(ग) उपदफा (क) वा (ख) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी वा गैर सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सो लाई समेत उजुरीको रूपमा ग्रहण गरी अनुगमन समितिले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ,

(घ) उपदफा (ग) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा ब्यक्ति,कार्यालय, टो.वि.स./ उपभोक्ता समिति, निर्माण व्यवसायीले प्रचलित कानुन वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाउनु पर्नेछ,

(ङ) उपदफा (घ) बमोजिम अनुगमन समितिले गरेको काम कारवाहीमा चित्त नबुझेमा ब्यक्ति,कार्यालय, र निर्माण व्यवसायीले प्रचलित कानुन बमोजिम गाउँपालिकाको उपाध्यक्ष समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ ।

## परिच्छेद-५
## योजना अनुगमन गर्ने प्रकृयाः

१२. अनुगमनको पूर्व तयारी :

अनुगमन समितिले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवा,योजनासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवा,योजनाको निर्माण,आपूर्ति, निर्माण, मूल्य, गुणस्तर आदिको बारेमा प्रयाप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

(ङ) अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई अनुगमन गर्नुपर्नेछ । अनुगमन टोलिका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित ब्यक्ति,कार्यालय, टो.वि.स./उ.स. र निर्माण व्यवसायी बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(च) अनुगमन गर्दा ब्यक्ति,कार्यालय, टोल विकास समिति वा उपभोक्ता समिति र निर्माण व्यवसायीले वाधा विरोध गरेमा वाधा विरोध गर्नेलाई प्रचलित कानुन बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(ग) अनुगमन समितिले अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित ब्यक्ति, टोल विकास समिति, निर्माण व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ । सम्बन्धित ब्यक्ति, टोल विकास समिति वा उपभोक्ता, निर्माण व्यवसायीले मुचुल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथासिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनुपर्नेछ ।

(घ) अनुगमन समितिले अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित ब्यक्ति, टो.वि.स./उ.स., निर्माण व्यवसायीलाई अवधी तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(ङ) अनुगमन समितिले अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखि अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परिक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

१३. दण्ड जरिवाना :

(क) योजना अनुगमन टोलीले योजना अनुगमन गर्दा सेवा वा योजना निर्माणमा प्रयोग गरेका वस्तुको र निर्माण स्थलको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवा र निर्माण स्थलमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा निर्माण स्थलमा रोक लगाउन सक्नेछ तथा त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिई नियमानुसार कार्यवाही बढाउने छ ।

(ख) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले सम्बन्धित व्यक्ति, टोल विकास समिति वा उपभोक्ता, निर्माण व्यवसायीसँग तुरून्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ ।

(ग) अनुगमन समितिको प्रतिवेदन वा नमूना परीक्षण गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

(घ) उपदफा (ग) बमोजिम लेखि आएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नुपर्नेछ ।

(ङ) अनुगमन गरिएका वस्तु,सेवा र निर्माण कार्यको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ वा गाउँ सभाबाट स्विकृत कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरूप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्नेछ ।

(च) निर्माण कार्य गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै निर्माण कार्य गरिएकोमा अनुगमन समितिले उक्त निर्माण कार्य कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा निर्माण कार्यमा रोक लगाउन सक्नेछ । यसरी काम रोक्का गरिएकोमा ब्यक्ति, टोल विकास समिति वा उपभोक्ता वा निर्माण व्यवसायीलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

(छ) उपदफा (च) बमोजिम निर्देशन दिएकोमा ब्यक्ति, टोल विकास समिति वा उपभोक्ता वा निर्माण व्यवसायीले सुधारात्मक कार्यहरू गरी निर्माण रोक्का हटाई पाउँ भनी अनुगमन समिति समक्ष निवेदन दिएमा अनुगमन समितिले पुनःअनुगमन गराई सुधार भएको पाइएमा निर्माण कार्य रोक्का हटाउन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडि बढाउनेछ ।

## परिच्छेद -६
## आचार संहिता

१४. आचार संहिता : योजना अनुगमन गर्न जाने अनुगमन समितिका सदस्यले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

(क) अनुगमन समितिले अनुगमन गर्ने स्थल र अनुगमन गरिने योजनाको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने ब्यक्ति, समिति, निर्माण व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा सेवाग्राही पक्षले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन,

(छ) बजार अनुगमन गर्दा अनुगमन समितिका पदाधिकारीहरू सेवाग्राही समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र निर्माण स्थल वा घर, कार्यालयबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(ज) अनुगमन समितिका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ,

(झ)मानव अधिकारवादी संघसंस्था, उपभोक्ताको हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् ।

## परिच्छेद -७
## विविध

१५. अनुगमन समितिको कार्यक्रम तथा बजेट :

(क) गाउँपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बस्तु, सेवा, टोल विकास समिति वा उपभोक्ता समिति र निर्माण कार्यको अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ बार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ,

(ख) संघीय र प्रदेश सरकारबाट कार्यक्रमको अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ,

(ग) बार्षिक कार्यक्रममा टोल विकास समिति वा उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम समेत समावेश गर्नुपर्नेछ,

(घ) अनुगमन समितिमा खटिएका सदस्यहरुले अनुगमनको समय वापतको दै.भ्र.भ.,खाना र बास खर्च वापत तपशिल बमोजिमको रकम भुक्तानी गर्नुपर्नेछ ।

| क.सं. | पदाधिकारी | अनुगमन खर्च /प्रतिदिन रु | कैफियत |
|---|---|---|---|
| १. | उपाध्यक्ष (संयोजक) | १६००।०० | |
| २. | योजना शाखा प्रमुख | भ्रमण खर्च नियमावली अनुसार सम्बन्धीत कर्मचारीले पाउने दर | |
| ३ | ईन्जिनियर | | |
| ४ | अन्य सदस्य | १०००।०० | |

१६. स्थानीय प्रहरी चौकीको कर्तव्य : अनुगमन गर्दा अनुगमन समितिल सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रहरी चौको कर्तव्यको कर्तव्य हुनेछ ।

१७. असल नियतले गरेका काम बचाऊ : यस निर्देशिका बमोजिम अनुगमन गर्दा असल नियतले गरेका कामहरुको सम्बन्धमा अनुगमन समितिका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन ।

१८. प्रचलित कानुन बमोजिम हुने :

(क) यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन ।

१९.दण्ड सजाय :

स्थानीय सरकार संचालन ऐन, २०७४ वा गाउँ सभाबाट स्विकृत कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा प्रचलित कानूनको अधिनमा रही अनुगमनबाट दोषी पाइएका ब्यक्ति, संस्था, टोल विकास समिति वा उपभोक्ता समिति र निर्माण व्यवसायी उपर कानुनी कारवाही र दण्ड सजाय गर्नु पर्नेछ ।

२०. प्रतिवेदनः

(क) अनुगमनको चौमासिक प्रगति प्रतिवेदन अनुसूची-१ अनुसार तयार गर्नुपर्नेछ ।

२१. निर्देशन दिन सक्ने : परिषद्को कार्यालय प्रमुखबाट अनुगमन / मूल्यांकन सम्बन्धी विषयमा समय समयमा थप निर्देशनहरु दिन सक्ने छ र यसरी दिईएको निर्देशनको पालना गर्नु संघसंस्था र अनुगमन/ मूल्यांकन टोलीको कर्तव्य हुनेछ ।

२२. बाधा अड्काउ फुकाउने अधिकार : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न नगरपालिकामा पठाईने छ ।

२३. संशोधन : यस निर्देशिकामा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।

## अनुसुची १

गाउँपालिकास्तरीय योजना स्थलगत अनुगमन तथा सुपरिवेक्षण फाराम अनुगमन मितिः २०....।.... ।.....

१.स्थानीय तहको नाम : थुलुङ दुधकोशी गाउँपालिका

२. वडा नं. ......................

३. योजनाको नाम :

४. लागत अनुमान सम्बन्धि विवरण :

क. कुल लागत अनुमान रु. : ख. गाउँपालिकाबाट रु. : ग. अन्य निकायबाट रु. : घ. टो.वि.स./उपभोक्ता समितिबाट रु :

ङ. नगद रु. : च. श्रमदान रु. :

५. टो.वि.स./सं.स.को अध्यक्षको नाम :

६. प्राविधिक साईट ईन्चार्जको नाम :

७. योजना सम्झौता मिति :

८. योजना सम्पन्न गर्नुपर्ने मिति :

९.योजनाको छनौट वारेमा आम भेलामा छलफल भै निर्णय भएको हो? ☐हो ☐ होइन

१०.उपभोक्ताहरुमा योजना छनौटको सर्न्दभमा कुनै विवाद छ ? ☐छ ☐ छैन

११.योजनामा अन्य कुनै विवाद रहेको वा गम्भिर विवादका सम्भावनाहरु छन् ? ☐ छन् ☐ छैनन्

यदि छ भने विवादको किसिम, विवाद हुनाको कारणहरु तथा समाधानका उपायहरु

| |
|---|
| |

१२. टोल विकास संस्था/सम्बन्धित संस्था समितिका पदाधिकारीहरु योजनाको सन्दर्भमा आफ्नो भूमिका र जिम्मेवारीको बारेमा जानकार छन् ? ☐ छन् ☐ छैनन्

यदि छैनन् भने कुन कुन पदाधिकारी कुन विषयमा जानकार छैनन् ?

| क्र.स. | सहभागीको नाम | सस्था | पद |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१३. बैक खाता खोलिएको छ, छैन ☐छ ☐ छैन

| यदि छैन भने खाता नखोलिनुको कारणहरु उल्लेख गर्नुहोस् र खाता खोल्ने सम्भावित समय समेत उल्लेख गर्नुहोस् ।यदि खोलिएको छ भने खाताको विवरण उल्लेख गर्नुहोस् । | |
|---|---|

| | | | |
|---|---|---|---|
| बैकको नाम | ............................................. ....... | रहेको स्थान : | ............................................. .... |
| खाता नम्बर | ............................................. ..... | खाताको किसिम : | ............................................. .... |

खाता सञ्चालकको नाम तथा पद

| क्र.सं. | नाम थर | लिङ्ग | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | | अध्यक्ष | |
| २ | | | सचिब | |
| ३ | | | कोषाध्यक्ष | |

१४. यस योजनाका सवै उपभोक्ताको घरधुरीहरुले श्रमदान गरेका छन् ? ☐ छन् ☐ छैनन् यदि गराइएको छ भने मिति र श्रमदिन उल्लेख गर्नुहोस् । .................................. यदि छैन भने किन नगराइएको हो कारण उल्लेख गर्नुहोस् ।

१५. के योजनाको सुचना पार्टी उपयक्त स्थानमा राखिएको ? ☐ छ ☐ छैन

१६. के आमभेला मार्फत सार्वजनीक परिक्षण गरिएको ? ☐ छ ☐ छैन

१७.अनुगमन समितिबाट अनुगमन भएको मिति :

१८. अनुगमन समितिको बैठक संख्या :

१९. कुनै विवाद, बाह्य जोखिमहरु जस्तै भूक्षय तथा अन्य तत्वहरुको कारणले रेखाङ्कन उपयुक्त हुन नसकेको भए सुधारका विकल्पहरु तथा उपायहरु उल्लेख गर्नुहोस ।साथै सडकको दायाँ बायाँ भू-भाग संरक्षण गर्न के तरिका अपनाईएको छ ।

अनुगमन समितिका पदाधिकारीहरु

| क.सं. | नम | लिङ्ग | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

२०. गाउँपालिका तथा अन्य संस्थाबाट अनुगमनमा उपस्थित कर्मचारी तथा पदाधिकारीहरू

| नाम थर | लिङ्ग | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२१.अनुगमनमा उपस्थित टोल विकास संस्था/सम्बन्धित संस्था समितिका पदाधिकारीहरू

| क. सं. | नाम थर | लिङ्ग | पद | जातीय समुदाय | | | | | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाती | अल्पसंख्यक | पिछडा वर्ग | अन्य | |
| १ | | | अध्यक्ष | | | | | | |
| २ | | | उपाध्यक्ष | | | | | | |
| ३ | | | सचिव | | | | | | |
| ४ | | | सह सचिव | | | | | | |
| ५ | | | कोषाध्यक्ष | | | | | | |
| ६ | | | सदस्य | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| ११ | | | | | | | | | |

२२. अनुगमनमा उपस्थित उपभोक्ताहरू:

| क.सं . | नाम थर | लिङ्ग | पद | जातीय समुदाय | | | | | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाती | अल्पसंख्यक | पिछडा वर्ग | अन्य | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसुची २

योजनागत प्रगति प्रतिवेदन बृहत् ढाँचा

| नतिजा श्रृङखला | कार्यसम्पादनका सूचकहरु | | | योजनाको भौतिक लक्ष्य | प्रगति | लक्ष्य र प्रगति बीचको अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आधार तथ्याङ्क | | | | | |
| लक्ष्य | | | | | | | | |
| असरहरु | | | | | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| नतिजाहरु | | | | | | | | |
| १.१ | | | | | | | | |
| | | | | | | | | |
| प्रमुख कार्यक्रमहरु | | | | | | | | |
| १.१.१ | | | | | | | | |
| २.१.१ | | | | | | | | |

अनुसुची ३

अनुगमन प्रतिवेदनको सामान्य ढांचा

- बाहिरी पृष्ठ
- धन्यवाद मन्तब्य
- बिषय सूची
- तालिका सूची
- शब्द संक्षेप
- कार्यकारी सारांश

भाग १ : परिचय १.१
पृष्ठभूमी
१.२ अध्ययनको उद्धेश्य
१.३ अध्ययनको ढाँचा एवं विधि
१.४ अध्ययनको सिमा
१.५ प्रतिवेदनको संगठन

भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती,विश्लेषण र ब्याख्या
२.१ कार्यक्रम वा परियोजनाको् बस्तुगत विवरण र क्रियाकलापहरु
२.२ फिल्ड भ्रमण तथा अवलोकनको सारांश

भाग ३ : कार्यक्रम वा परियोजनाको वित्तिय विश्लेषण
भाग ४ : अनुगमनबाट पत्ता लागेका बिषयबस्तुहरु भाग
५ : निष्कर्ष र सुझावहरु

अनुसुचीहरु
प्रमुख ब्यक्तिसंगको अन्तर्वार्ता
सन्दर्भ सूची
कार्यक्रमसंग सम्बन्धित फोटोहरु

अनुसुची ४

बार्षिक अनुगमन कार्ययोजना

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| प्रक्रिया अनुगमन /भौतिक प्रगति अनुगमन | • गाउँ कार्यपालिका<br>• अनुगमन समिति | योजना,आयोजना सञ्चालनको शुरुवात,मध्यम र अन्तिम अवस्थामा | स्थलगत अवलोकन,कर्मचारी बैठक,लाभग्राहीसंग छलफल,सार्वजनिक सुनुवाई,सूचना प्रविधिको प्रयोग र नागरिक समाज (मिडिया) परिचालनका माध्यमबाट |
| प्राविधिक अनुगमन | प्राविधिक कर्मचारी | योजनाको शुरुवात देखि अन्तिम सम्म नियमित रुपमा | स्थलगत अवलोकन, लाभग्राहीसंग छलफल |

| | | | |
|---|---|---|---|
| वित्तिय अनुगमन | अनुगमन समिति | योजना अवधी समाप्त भएपछि | आयोजना र कार्यक्रमको भुक्तानी प्रतिवेदन,बिल र भरपाई एवं उपयुक्त लेखा विधिको चेकजाँच |
| नतिजा अनुगमन | • गाउँ कार्यपालिका<br>• अनुगमन समिति | योजना वा आयोजनाको निर्माण सम्पन्न पश्चात् | स्थलगत अवलोकन, प्राविधिक चेकजाँच, उपभोक्ता सन्तुष्टी परिक्षण र सामाजिक परिक्षण |

आज्ञाले,
खरिधन राई
प्रमुख प्रशासकिय अधिकृत